# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: ०७९/८०
च.नं.: ३९५

फोन नं. ०१-४३१५७६६

मिति : २०७९।१२।२८

**विषय : शैक्षिक-सत्र २०८० को शैक्षिक कार्यतालिका कार्यान्वयन गर्ने बारे ।**

श्री सबै सामुदायिक विद्यालयहरु
चन्द्रागिरि नगरपालिका, काठमाडौं ।

प्रस्तुत विषयमा यस चन्द्रागिरि नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापहरुको बैठकको निर्णय समेतको आधारमा शैक्षिक सत्र २०८० का लागि तपसिल बमोजिम कार्ययोजना बनाई कार्यान्वयन गर्नु गराउनु हुन सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई अनुरोध छ ।

**तपसिल :**

१. **"समयमै भर्ना, समयमै ज्ञान : गुणस्तरीय शिक्षा, सबैको अभियान्"** भन्ने आदर्श वाक्यका साथ शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम देहाय बमोजिम सञ्चालन गर्नु गराउनु हुन :

क) विद्यालय व्यवस्थापन समितिको बैठकबाट नै निर्णय गराई कार्यतालिकासहित विद्यार्थी भर्ना कार्यक्रम २०८० बैशाख महिनामा नै सम्पन्न गर्ने ।

ख) भर्ना हुन आउने बालबालिकालाई जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिसहित तत्काल भर्ना गरी स्वागत गर्ने र निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था मिलाउने । (पाठ्यपुस्तक व्यवस्थापनका लागि शैक्षिक सत्र २०७९ को कक्षागत विद्यार्थी संख्याको ७५% का दरले तोकिए बमोजिमको मूल्य अनुसार एकमुष्ट वजेट सम्बन्धित विद्यालयको खातामा निकासा भईसकेको छ । नियमानुसार पाठ्यपुस्तक खरिद गरी भर्ना हुन आएका विद्यार्थीहरुलाई वितरण गर्ने र सोको विल भरपाईको प्रतिलिपि यस शिक्षा, युवा तथा खेलकुद शाखामा २०८० जेष्ठ मसान्त भित्र पेश गरी नपुग पाठ्यपुस्तकका लागि थप रकम माग गर्ने ।) साथै, मिति २०८० बैशाख ६ गतेबाट शैक्षिक सत्र २०८० को कक्षा सुचारु गर्ने व्यवस्था मिलाउने ।

ग) विद्यार्थी भर्नाका लागि आफ्नो विद्यालयको सेवाक्षेत्रभित्र व्यापक रुपमा प्रचार प्रसार र सूचना गर्नु गराउने । यसका लागि नजिकको एफ.एम.रेडियो, सामाजिक सञ्जाल, स्थानीय मेला पर्व आदिलाई माध्यमको रुपमा प्रयोग गर्ने ।

घ) कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुले सो तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यको रुपमा आफ्नो सेवा क्षेत्र भित्र विद्यालय उमेरका बालबालिकाको लगत संकलन, तिनीहरु विद्यालय बाहिर रहनुको कारण एवं समस्या पहिचान, विद्यालय भर्नाका लागि घरदैलो, सडक नाटक प्रदर्शन जस्ता क्रियाकलापमा परिचालन गर्ने गराउने ।

ङ) विद्यार्थी भर्ना एवं अभिभावकत्व ग्रहण गरी भर्ना गर्नेहरुको हकमा सोको समेत अभिलेख व्यवस्थित रुपमा राख्न र यस नगरपालिकालाई उपलब्ध गराउने ।

च) एक जना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारी दिने ।

२. शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ८५ बमोजिम विद्यालय बन्द हुने दिन देहाय अनुसार ४५ दिनमा नबढ्ने गरी रहनेछ । यदी तल क, ख र ग बमोजिम विद्यालय बन्द गर्दा ४५ दिन भन्दा बढि हुन गएमा स्थानीय विदाबाट मिलान गर्नुपर्नेछ ।

... बहादुर भुवाजी

# चन्द्रागिरि नगरपालिका
# 𑐔𑐣𑑂𑐡𑑂𑐬𑐵𑐐𑐶𑐬𑐶 𑐣𑐐𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵

## नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: ०८१/८०
च.नं. ३१५

फोन नं. ०१-४३१५७६६
मिति :.......................


क) वर्षे विदा- २०८० साल असार २४ गतेदेखि श्रावण २ गतेसम्म । (जम्मा १० दिन)

ख) दशैं तिहार बीचमा विदा- २०८० कात्तिक १२ देखि कात्तिक २४ गतेसम्म । ((जम्मा १३ दिन)

ग) जाडो विदा- २०८० साल पुष १६ गतेदेखि माघ ५ गतेसम्म । (जम्मा १९ दिन)

घ) २०८० साल भाद्र २८ गते, आश्विन २ गते र मंसिर १ गते विद्यालय बन्द हुने (जम्मा ३ दिन)

ङ) विद्यालय व्यवस्थापन समितिको स्वीकृति लिई विद्यालयले नै बढिमा ५ दिन स्थानीय विदा गर्न सक्नेछ ।

३. विद्यालयले विद्यार्थीको सिकाइ सुधार सुदृढ गर्न निरन्तर निर्माणात्मक परीक्षा/मूल्याङ्कन गर्ने, निर्माणात्मक परीक्षाका अतिरिक्त निर्णयात्मक मूल्याङ्कनका लागि देहाय बमोजिमको समयमा निम्नानुसारको परीक्षा सञ्चालन गर्ने :

क) प्रथम त्रैमासिक परीक्षाः- २०८० श्रावण १९ गतेदेखि २८ गतेसम्म ।

ख) दोस्रो त्रैमासिक परीक्षाः- २०८० मंसिर २७ गतेदेखि पुष ५ गतेसम्म ।

ग) बार्षिक परीक्षाः- २०८० शै.स.२०८० को एसईई र कक्षा ८ को परीक्षालाई मिलान गर्दै चैत्र पहिलो हप्ताबाट (शुरु हुने दिन यस कार्यालयबाट पछि सूचना गरिनेछ)

४. बालबालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटन र सर्वाङ्गीण विकासका लागि चन्द्रागिरि नगरपालिकास्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप निम्नानुसार सञ्चालन गरिने हुँदा सोको तयारीका लागि विद्यालयले कार्ययोजना बनाई कार्यान्वयन गर्ने :

क) माध्यमिक तह (कक्षा ९-१०) स्तरीय हाजिरी जवाफ प्रतियोगिता : २०८० साल जेठ १९ गते ।

ख) आधारभूत तह (कक्षा ६-८) स्तरीय वक्तृत्वकला प्रतियोगिता : २०८० साल आषाढ ८ गते ।

ग) माध्यमिक तह (कक्षा ११-१२) स्तरीय बादबिवाद प्रतियोगिता : २०८० साल भाद्र ८ गते ।

घ) आधारभूत तह (कक्षा १-५) स्तरीय चित्रकला प्रतियोगिता : २०८० साल मंसिर १५ गते ।

ङ) पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता : २०८० साल माघ १९ देखि २१ गतेसम्म ।

५. विद्यालयले २०८० बैशाख ५ गतेभित्र विद्यालयको वार्षिक शैक्षिक कार्यतालिका बनाई विद्यालय व्यवस्थापन समितिबाट सिफारिश गरी नगरपालिका शिक्षा शाखाबाट स्वीकृति लिने ।

६. शिक्षकहरुबाट प्रधानाध्यापकले नगरपालिकासँग गरेको कार्य सम्झौतालाई कार्यान्वयन गर्ने गरी २०८० बैशाख १५ गतेभित्र वार्षिक शैक्षणिक योजना लिई प्रधानाध्यापकले स्वीकृति गरी एक प्रति विद्यालयमा राख्ने ।

७. शसर्त अनुदानको सिकाइ सामग्रीका लागि उपलब्ध बजेट, विद्यालयको आन्तरिक स्रोत, वडा, विभिन्न संघसंस्था आदिबाट उपलब्ध बजेटबाट स्थानीय बस्तुको उपयोग गरी शिक्षकहरुले वर्षभरी अध्यापन गर्ने विषयका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण गर्न बैशाख १५ गतेसम्म विद्यालयहरुले सिकाइ सामग्री निर्माण अभियान सञ्चालन गर्ने ।

८. वार्षिक परीक्षाको नतिजाको विश्लेषण गरी सिकाइ उपलब्धि सन्तोषजनक नभएका विद्यार्थीलाई थप सिकाइ सहयोग उपलब्ध गराउने ।

कर्ण बहादुर भुवाजी
अधिकृत दशौं